☎०८४-४२१२०७
ईमेल:ialdo.bardiya@gmail.com
वेब साईट: ialdobardiya.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

पत्र संख्या: २०८२/०८३ गुलरिया, बर्दिया

सूचना नं: ०७/२०८२/०८३

## कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्वन्धि सूचना ।
**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/०८/२३**

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निम्न वमोजिमका कार्यक्रमहरु सञ्चालनको लागि कार्यालयबाट मिति २०८२/०७/१४ गते प्रस्ताव आव्हान सम्वन्धि प्रथम पटक सूचना प्रकाशन गरेकोमा समयावधिभित्र कार्यालयमा केही कार्यक्रममा कुनैपनि प्रस्ताव दर्ता नभएका र दर्ता भएका आवेदकहरु समेत कार्यक्रम सञ्चालन गर्न अपुग भएकोले पुन: दोस्रो पटक कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुका लागि सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०८२/०८/२३ देखि २०८२/०९/०८ सम्म) यस कार्यालयमा तपसिलको कागजात सहित निवेदन पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट ialdobardiya.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ ।प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यस्को भोलिपल्ट कार्यालय समय भित्र प्रस्ताव पेश गर्नुहुन अनुरोध छ । थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०८४-४२१२०७ र सूचना अधिकारीको सम्पर्क मो.न. ९८५८०३५२०८ मा गर्नसकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**कार्यक्रमहरु**

| क्र.स | कार्यक्रम | बजेट (रु. लाखमा) | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १. | सिंचाई सहित कृषि विकास कार्यक्रम | ५७ | ➢ सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, डेलिभरीपाइप, सक्सनपाईप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद ।<br>➢ सिंचाई कुलो/पोखरी, बोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार ।<br>➢ स्यालो ट्यूवेल जडान। | ➢ कृषिफर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने ।<br>➢ कृषिफर्म/कम्पनीको हकमा न्यूनतम १० कठ्ठा र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने ।<br>➢ यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने ।<br>➢ विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने ।<br>➢ रु १ लाख भन्दा कम लागतको आयोजना पेश गर्न पाईनेछैन । | जिल्ला भरी | ➢ तपसिल बमोजिम उल्लेखित रकममा नबढ्ने गरी कुल लागतको अधिकतम ५० प्रतिशत अनुदन सहयोग ।<br>➢ फर्म/कम्पनीको हकमा प्रति आयोजना/अनुदान ग्राही अधिकतम रु.७५ हजार सम्म ।<br>➢ कृषक समूह/कृषिसहकारी/जल उपभोक्ता समितिको हकमा प्रति आयोजना/अनुदान ग्राही अधिकतम रु १ लाख ५० हजार सम्म अनुदान ।<br>➢ कार्यालयले आयोजनाहरु छनोट गर्दा समग्रमा<br>➢ प्रति आयोजना औसत अनुदान रकम रु. १ लाखमा नबढ्ने गरी गर्नु पर्नेछ । |
| २. | कृषक समूह समूह मार्फत | ५ | ➢ सिंचाइसँग सम्बन्धित उपकरण बाहेकका कृषि यन्त्र | ➢ कृषक समूह मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने, | गुलरिया न.पा. वडा | ➢ अधिकतम ५० प्रतिशत अनुदान (प्रति अनुदानग्राही |



कर्मला अधिकारी

CamScanner

☎०८४-४२१२०७
ईमेल:ialdo.bardiya@gmail.com
वेब साईट: ialdobardiya.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

गुलरिया, बर्दिया

पत्र संख्या: २०८२/०८३
सूचना नं: ०७/२०८२/०८३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कृषि यान्त्रिकीकरण कार्यक्रम | | उपकरण खरिद<br>➢ कार्यालयले वितरणको अभिलेख राख्ने। | ➢ कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धित कृषक समूह खरिद गर्नुपर्ने। | नं. ५ बालापुर | अधिकतम रू. १ लाख) |
| ३. | महिला कृषि समूह समूह मार्फत कृषि यान्त्रिकीकरण कार्यक्रम | ५ | ➢ सिंचाइसँग सम्बन्धित उपकरण बाहेकका कृषि यन्त्र उपकरण खरिद<br>➢ कार्यालयले वितरणको अभिलेख राख्ने। | ➢ कृषक समूह मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>➢ कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धित कृषक समूह खरिद गर्नुपर्ने। | बारबर्दिया न.पा. वडा नं. १ भंगहा | ➢ अधिकतम ५० प्रतिशत अनुदान (प्रति अनुदानग्राही अधिकतम रू. १ लाख |
| ४. | रैथाने वाली स्थानीय जातका वालीबस्तु प्रदर्शन कार्यक्रम | १.०५ | ➢ खाद्यान्न, दलहन, तेलहन, फलफूल, आलु, तरकारीजन्य रैथाने तथा स्थानीय जातका बालीको उत्पादन, सङ्कलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिंचाइ मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक) | ➢ उत्पादन, संकलन, प्रशोधन, बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी हुनुपर्ने।<br>➢ उपयुक्तताका आधारमा कार्यालयले लाभग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने। | जिल्ला भरी | ➢ प्रति अनुदान ग्राही रु ५० हजारमा नबढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ५ | जिउदो माछा बिक्रि वितरण स्टल निर्माण/सुधार | २ | ➢ जिउदो माछापसलको हकमा कम्तिमा१०० के.जी क्षमता भएको ट्यांक निर्माण सहित् आबश्यक अन्य ब्यबस्थापन | ➢ फर्म/कम्पनि/समुह/कृषि सहकारी कार्यक्रम संचालन गर्ने<br>➢ जिउदो माछा पसलको हकमा ५० के.जी माछाको कारोबार गरेको हुनुपर्ने<br>➢ भाडामा लिई व्यावसायी संचालन गरेको हकमा कम्तिमा ५ बर्षको करारनामा पेश गर्नुपर्ने<br>➢ अनुसूची१८,१९,२०,२१ अनुसार मापदण्ड पुरा गर्नुपर्ने | जिल्ला भरी | प्रति आयोजनाअधिकतम ५०प्रतिशत वा अधिकतम १एक लाख अनुदान दिन सकिने |
| ६ | मत्स्य नर्सरी/प्रजनन केन्द्र स्थापना/सुदृढी करण | १० | ➢ नया नर्सरी वा रियारिंग पोखरी निर्माण/सुधार<br>➢ कन्डिसनिंग ट्यांक,स्पनिंग ट्यांक,ओभरहेड ट्यांक निर्माण/सुधार<br>➢ पानीको आपूर्तिको लागिआबश्यक सामग्री जडान तथा ब्यबस्थापन | ➢ कम्तिमा १ हेक्टर जलासय क्षेत्रफलमा नर्सरी रियरिंग वा माउ ब्यबस्थापन गरि मत्स्य बिज बिक्रि वितरण गरिरहेको वा गर्नुपर्ने<br>➢ फर्म/समुह/कम्पनी/कृषि सहकारी मार्फत कार्यक्रम संचालन गर्नुपर्ने | मधुवन न.पा भर | ➢ फर्म/कम्पनी को हकमा अधिकतम ५०प्रतिशत,समुह/सहकारी कोहकमा अधिकतम ७५प्रतिशत अनुदान सहयोग<br>➢ प्रति आयोजना अधिकतम रु.५लाख |
| ७ | **दुग्ध चिस्यान केन्द्र स्थापना तथा सुदृढिकरण** | **१५** | ➢ **दुध सकलन केन्द्र स्थापनाको लागि सरचना निर्माण,** | ➢ **साझेदारीमा दुग्ध सहकारी/समुह/समिति/फर्म सहभागि हुन सक्ने,** | **जिल्ला भरी** | ➢ **प्रति आयोजना/अनुदानग्राही रु.पाच लाखमा नबढ्ने** |



**कमला अधिकारी**
**प्रमुख**

CamScanner

☎०८४-४२१२०७
ईमेल:ialdo.bardiya@gmail.com
वेब साईट: ialdobardiya.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

गुलरिया, बर्दिया

पत्र संख्याः २०८२/०८३

सूचना नं: ०७/२०८२/०८३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ➢ चिलिंग भ्याट,Stainless Steel मिल्क क्यान,मिल्क एनालाईजर,डिपफ्रिज,प्रशोधन उपकरण,जेनेटर खरिद आदि, | ➢ प्रस्तावले दैनिक रुपमा पहाडमा कम्तिमा ५०० लिटर र तराईमा कम्तिमा १००० लिटर दुधको कारोबार गरिरहेको हुनुपर्ने, ➢ यस अघि यस्ता दुग्ध सकलन केन्द्र सग सम्बन्धित क्रियाकलापमा अनुदाननपाएकालाई कार्यक्रममा प्राथमिकता दिईने | | गरि अधिकतम ५० प्रतिशत अनुदान सहयोग |

प्रस्ताब साथ पेश गर्नुपर्ने कागजातहरूः

१. प्रस्तावकको निवेदन । (अनुसूची-२३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी) ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक समूहको हकमा स्थायी लेखा नम्बर,प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने) ।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (कृषि तर्फ अनुसूचि-२४ र पशुपन्छी तर्फ अनुसूचि-२५ सहकारी मार्फत कृषि रुपान्तरणको लागि अनसूची २६ बमोजिम) ।
६. सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।(समूह/संस्था/कम्पनीको हकमा)
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा अनुमानित लागत ईष्टिमेट र नक्सा ।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि । जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष तोकिएको करार सम्झौता-पत्र) ।

पुनश्चः- माथि उल्लेखित सम्पूर्ण कार्यक्रमहरु "कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि-२०८२" अनुसार सञ्चालन गरिने हुँदा यस पश्चात कार्यविधिमा कुनै संसोधन हुन गएमा वा तालुक निकायबाट कुनै किसिमको निर्देशन प्राप्त भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ । थप जानकारीका लागि कार्यालय प्रमुखको मो.नं. ९८५८०३५२०७ कृषि कार्यक्रम तर्फ श्री फिर्तुमान चौधरीको मो.नं.९८४७८४४७८५, पशुपन्छी तर्फ डा. रुपेन्द्र कुमार ओलीको मो.नं. ९८५११०३७७५ र मत्स्य तर्फ श्री विनोद मल्ल मो.नं.९८६४९६३९०२ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

.....................

कमला अधिकारी
(प्रमुख)



CamScanner